# ऐसेलुखर्क गाउँपालिकाको नीति तथा कार्यक्रम

## २०७७/०७८

१. ऐसेलुखर्क गाउँपालिकाको आ.व. ०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिकरण समारोहमा उपस्थित हुनुभएका गाउँ सभाका उपाध्यक्ष ज्यू, गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु,हिमाल एफ एमबाट देशभर र अनलाइन मार्फत विदेशमा सुनिरहनु भएका सम्पूर्ण आमा बुबा दाजु भाइ तथा दिदी बहिनीहरु, ऐसेलुखर्क गाउँपालिकाका सम्पूर्ण कर्मचारी,बुद्धिजिबी महानुभावहरु,सञ्चारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु

मुलुकको राजनीतिक तथा प्रशासनिक संरचना परिवर्तन पश्चातको यो घडिमा उभिएर संविधानले परिकल्पना गरेको दीगो शान्ति एवं हामी सबैले अपेक्षा गरेको समृद्ध नेपाल सुखी नेपालीको लक्ष्यलाई आत्मसाथ गरी ऐसेलुखर्क गाउँपालिकाको विकास र समृद्धिको लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरु माझ उभिएको छु ।

यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएको आन्दोलनमा जीवन उत्सर्ग  गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु तथा निरकुशंताको विरुद्ध जीवन प्रयन्त संघर्ष गर्नुहुने दिवङ्त नेताहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभीमानको रक्षा गर्दै लोकतान्त्रीक गणतन्त्र प्राप्तिको आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नु हुने आदरणीय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

यस गौरवान्वित सहयात्रामा हिड्नुहुने सबै पेशाकर्मी, नागरिकसमाज, बुद्धिजीबि, तथा आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा विषेश सम्मान साथ स्मरण गर्न चाहन्छु ।

२. विश्वव्यपी महामारीको रुपमा फैलिएको कोरना रोगको कारण विश्वले एकै पटक मानवीय र आर्थिक संकटको सामना गर्नु परेको छ । स्वास्थ्य संकटबाट उत्पादन, व्यापार तथा लगानी सम्मको श्रृङखला प्रभावित भई विश्व अर्थतन्त्रमा संकुचन आउने स्पष्ट संकेत देखिएको छ । विश्व अर्थतन्त्र सँगको अर्न्तर आवद्धताको कारण नेपालको अर्थत्रन्त्रको प्रमुख क्षेत्रहरुमा समेत गम्भिर प्रभाव पर्न थालेको छ ।

३. मुलुकमा अहिले राजनीतिक संक्रमणको अन्त्य भएको छ । मुलुक अहिले आर्थिक विकासको बाटोमा अघि बढिरहेको छ । संघीय शासन प्रणालीले देशभर विकासमा प्रतिस्पर्धा बढेको छ  र विभिन्न तहका सरकारहरु बीच प्रतिस्पर्धात्मक विकासको अवधारणा विकसित हुदै आएको छ ।

४. स्थानीय तहको निर्वाचन पश्चात गठन भएको जनप्रतिनिधिमूलक यस गरीमामय सभामा चौथो पटक यस गाउँपालिकाको नीति तथा कार्यक्रम लिएर उपस्थित भएको छु । विगत बर्षहरुमा हामीले लिएका नीति तथा कार्यक्रमले यस गाउँपालिकाको विकासको गति मापन योग्य र अनुमानयोग्य

तवरबाट अगाडि बढेको मैले विश्वास लिएकोछु । अघिल्लो वर्षमा हामीले लिएका नीति तथा कार्यक्रमहरु करिब करिब पुरा भएका छन् । तिब्र गतिमा रहेको गाउँपालिकाको विकासलाई पछिल्ला ३ वर्षको वार्षिक नीति तथा कार्यक्रम एवं बजेटले जनतामा आशाको किरण छाएको हाम्रो विश्वास रहेको छ । यस अवधिमा गाउँपालिकाबासीहरु आधारभूत विकासका पूर्वाधारहरुबाट लाभान्वित हुन सकेका छन । सबै वडाहरु सडक सञ्जालले जोडिएका छन । खानेपानी,सिंचाइ सुविधा कृषितथा पशु सेवा सम्बन्धित सुबिधा, शैक्षिक क्रियाकलापहरुको बढोत्तरी, स्वास्थ्य सेवाको विस्तार पर्यटन पूर्वाधारको विकास, बजारीकरण जस्ता क्षेत्रमा उल्लेख्य सुधार भएको छ ।

५.नीतिगत स्पष्टता, कार्य जिम्मेवारीको बोध,कर्मचारी संयन्त्रको सुदृढीकरण,जनशक्ति व्यवस्थापन, एवं पूर्वाधार क्षेत्रको विकासले हाम्रो अधिकारको प्रयोग बढेको छ भने अधिकारले दिएको सेवाको जिम्मेवारी प्रभावकारी रुपमा वहन गर्न टेवा पुगेको छ ।

६. हामीले तय गरेका विकासका प्रथमिकताहरु पूरा हुदै गएका छन् । यद्यपि आगामी दिनमा हामीले लिने विकासका नीति एवं कार्यक्रमलाई दिगो र परिणाममुखी बनाउदै लैजानु उत्तिकै चुनौतीपूर्ण समेत रहेको छ ।

७. राजनैतिक तथा कर्मचारीको सङ्क्रमणको अन्त्य भएकोछ । यसका लागि उपलब्ध कर्मचारी साथीहरु,सक्रिय जनप्रतिनिधिहरु,राजनीतिक दलहरु,नागरिक समाज, पेशाकर्मी ,बुद्धिजिबी, एवं आम ऐसेलुखर्कबासीहरुमा आभार प्रकट गर्दछु ।

## गाउँसभा सदस्य ज्यूहरु,

**अव म आर्थिक वर्ष २०७७।७८ को ऐसेलुखर्क गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- नेपालको सविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय एवं प्रदेश सरकारको नीति तथा कार्यक्रम, संघीय एवं प्रदेश सरकारको आवधिक योजना, गाउँपालिकाको आवधिक योजना नेपाल सरकारले राष्टिय /अन्तराष्ट्रिय जगतमा प्रतिवद्धता जनायका बिषयहरु, दिगो विकासको लक्ष्य, एवं आम ऐसेलुखर्क बासी आमावुवा, दाजुभाई तथा दिदिबहिनीहरुले ब्यक्त गर्नु भएका विकासका चाहना र आकाङ्क्षाहरु नै यस नीति तथा कार्यक्रमका मार्ग निर्देशनहरु हुन् ।

- आम ऐसेलुखर्क बासीको बास्तविक आवश्यकतालाई सम्बोधन गर्न छिटो छरितो र प्रतिफल युक्त विकासलाई प्रवर्द्धन गर्न र न्यून स्रोतबाट अधिकत्तम क्षेत्र समेट्नु यस नीति तथा कार्यक्रमको मूख्य ध्येय रहेकोछ ।

- कार्यन्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरी तपाई  आम नागरिकमा भ्रम फैलाउनु र नीति तथा कार्यक्रमलाई विकासको मोटो कागजी दस्तावेज बनाउनु भन्दा कार्यन्वयन योग्य संक्षिप्त योजना र कार्यक्रमको गोजी पात्रो बनाउनु मेरो मूख्य लक्ष्य हो ।

**आगामी आ.व. २०७७।७८ मा देहाय बमोजिमका नीति तथा कार्यक्रम संञ्चालन गरिने छ ।**

- **आर्थिक विकास र समृद्दि**

- आर्थिक विकास र समृद्दि गाउँपालिकाको मूख्य उदेश्य रहेकाले गाउँपालिका भित्रका सम्पूर्ण योजना तथा कार्यक्रमलाई सोही दिशामा अघि बढाईनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट समेत थप बजेट विनियोजन गरि स्थानीय पूर्वाधार विकाससगैँ रोजगारीका माध्यबाट आय आर्जनमा वृद्दि गराईनेछ ।
- गाउँपालिकाको समग्र विकासको लक्ष्य प्राप्तिको योजना तर्जुमाका लागि आवधिक योजना कार्यान्वयन गरिनेछ र सोही बमोजिम आर्थिक एवं अन्य क्रियाकलाप संञ्चालन गरिनेछ ।

## कृषि तथा पशुपंक्षी विकास

- **अर्गानिक खेति** प्रणालीलाई प्रोत्साहित गरी विषधिको प्रयागलाई घटाईनेछ ।
- फलफुल उत्पादन प्रवर्द्धन गरिनेछ, विशेष गरि किवी खेति, सुन्तला, कागती तथा लिचीको उत्पादनमा जोड दिईनेछ ।
- परजिवि नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
- उन्नत जातका पशुपालनका लागि स्रोत केन्द्र स्थापना गरिनेछ ।
- कोभिड १९ का कारण वैदेशिक रोजगारबाट फर्किएका यूवा जनशक्तिलाई कृषि तथा पशु पालन व्यवसायमा आकर्षित गराईनेछ ।
- लोपउन्मुख हुदै गएको पशु (चौरी तथा भेडा) पालनलाई प्रवर्द्धन गरिनेछ ।
- कृषि तथा पशु वीमा कार्यक्रम संञ्चालनमा ल्याईनेछ ।
- कृषि तथा पशु पालन क्षेत्रको विकासको लागि कृषकहरुलाई तालिम तथा क्षमता अभिवृद्दिका कार्यक्रम संञ्चालनमा ल्याईनेछ ।
- अनुदान तथा कृषकसँगको लागत समान साझेदारीमा कृषि औजारहरु बितरण गरिनेछ र यसलाई उत्पादनसगै जोड दिईनेछ ।

- **"खोला खोल्सीको पानी, पाखाबारीको जिन्दगानी"** नाराका साथ गाउँपालिकाका स-साना खोल्सा खोल्सी, कुवा जस्ता पानीका मुहान संरक्षण गरी कृषि कार्यमा प्रयोग गरिनेछ ।
- गाउँपालिका भित्र सुख्खा क्षेत्रको पहिचान गरि लिफ्टीङ प्रविधिबाट सिंचाई व्यवस्था मिलाईनेछ ।
- १ वडा १ कृषि तथा पशु सेवा प्राविधिकको व्यवस्था गरी कृषकहरुलाई सेवा प्रदान गरिनेछ ।
- गाउँपालिका स्तरीय कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ ।
- नर्सरी प्रर्वद्धनका लागि १ वडा १ नर्सरी कार्यक्रम संचालन गरिनेछ साथै कृषिजन्य बोटविरुवाको आयत न्यूनिकरण गरिनेछ । स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ
- एक वडा एक पशु तथा कृषि प्राविधिकको व्यवस्था गरि कृषकहरुलाई प्राविधिक सेवा प्रदान गरिने छ साथै स्थानीय कृषि स्रोत व्यक्तिहरुलाई समेत परिचालन गरिनेछ ।
- दुग्ध पदार्थ उत्पादनको लागि सुत्ककेरी गाई भैसीलाई पालन पोषणमा कृषकहरुलाई आर्कसित गर्न प्रोत्सान स्वरुप (क्याल्सियम, मिनिरल) पौष्टिक आहार उपलब्ध गराईनेछ ।
- भूमिमा कम पहुँच भएका कृषकहरुलाई मौरी पालन तथा च्याउ खेतिमा संलग्न गराई आय आर्जन गर्न प्रेरित गरिने छ ।
- व्यवसायिक कृषकहरुलाई प्रोत्साहन गरिने छ ।

## ➢ स्वास्थ्य क्षेत्र

- स्वास्थ्य क्षेत्रमा हाल दिइदै आएको सबै सेवा सुविधालाई निरन्तरता दिइनेछ ।
- आधाभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाईन्छ ।
- प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कमा चिकित्सक सेवालाई नियमित गरिनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । गरिब तथा विपन्न परिवारको निशुल्क स्वास्थ्य विमाको प्रबन्ध मिलाईनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कमा २४ सै घण्टा आकस्मिक सेवा संचालनमा ल्याईनेछ ।
- विशेषज्ञ चिकित्सकहरुको उपस्थितिमा एकीकृत स्वास्थ्य शिविर संचालन गरिने छ ।
- औषधिको व्यवस्थापनमा प्रभावकारी बनाईनेछ ।
- सबै स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर स्थापना गरी संचालनमा ल्याईनेछ ।
- स्वास्थ्य संस्थाको भौतिक व्यवस्थापनमा सुधार गरिने छ ।

- ऐसेलेखर्क गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने आधारभुत स्वास्थ्य सेवालाई गुणस्तरिय एवं सेवाग्राहीमुखी बनाइने छ ।
- सबै सरोकारवालाहरुको लागि स्वास्थ्य क्षेत्रका नीतिगत, संरचनागत ,जनशक्ती एवं प्रणालीगत सुधार गरिनेछ ।
- आधारभुत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाईने छ ।
- प्राथमिकस्वास्थ्य केन्द्र ऐसेलुखर्कबाट प्रदान गरिदै आएको २४सै घण्टे आकस्मिक सेवालाई थप प्रभावकारी बनाउन आकस्मिक कक्ष निर्माण गरि पुराना भवनहरुको मर्मत संम्भार गर्ने व्यावस्था मिलाइनेछ ।
- माहामारी रोगको रोकथाम तथा नियन्त्रण गर्नका लागि आवाश्यक पर्ने विभिन्न व्यक्तीगत सुरक्षा सामाग्रीको व्यवस्थापन गरिने छ ।
- औषधि तथा औषधिजन्य सामाग्रीको आपुर्तिमा थप प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य संस्थाहरुको भौतिक व्यावस्थापनमा सुधार गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्र रहेका गाउँघर क्लिनिक तथा खोप क्लिनिकबाट दिइने सेवाहरुलाई नियमित एवं सहज तरिकाले सेवा प्रभाह गर्न आवाश्यक फर्निचरको व्यावस्था गरिने छ ।
- महिलास्वास्थ्य स्वयम सेविकाहरुको सक्रियभुमिकालाई ऐसेलुखर्क गाउँपालिकाले उच्चमुल्यांकन गर्दै यस गाउँपालिका अन्तर्गत सेवा प्रवाह गर्ने महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई दिइदै आएकोप्रोत्साहन सुविधालाई निरन्तरता दिइनेछ ।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत रहेको स्वास्थ्य संस्थामा आएर सुत्केरी सेवा लिने गर्भवती महिलाहरुका लागि संस्थागत डेलिभरीसंख्यामा बृद्धी ल्याउने उद्देश्यले ऐसेलुखर्क गाउँपालिका भित्र निःशुल्क एम्बुलेस सेवालाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाइने छ । गरिब तथा विपन्न परिवारको निःशुल्क स्वास्थ्य बिमाको प्रबन्ध मिलाइने छ ।
- पालिकास्तरीय औषधि भण्डारणकालागि फर्निचरको व्यावस्था गरिने छ ।
- गर्भवती महिलााहरुको लागि ग्रामिण भिडियो एक्सरे सेवालाई निरन्तरता दिइने छ । जस्लेगर्दा गर्भवती महिलााहरुमा हुनसक्ने जटिलताको समयमा नै पहिचान हुनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्रको सेवालाई समयानुकुल प्रभावकारी बनाउन साथै बिमा सेवा संचालनार्थ इन्टरनेट जडान गरिने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्रबाट दिइदै आएको भिडियो एक्सरे सेवालाई गुणस्तरिय बनाउन गुणस्तरिय भिडियो एक्सरेको व्यावस्था मिलाइने छ ।
- ऐसेलुखर्क गाउँपालिका अन्तर्गत रहेको एकमात्र प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कबाट आँखा सम्बन्धि थप सेवाको बिस्तार गरिनेछ ।
- विभिन्न प्रकारका अचानक हुने दुर्घटनाहरु जस्तैः आगोबाट हुने जलनको उपचार, विभिन्न फ्रयाक्चरको प्लास्टर लगायतका इमर्जेन्सि सेवाहरुमा चाहिने औषधि तथा औषधिजन्य सामाग्री निःशुल्क व्यावस्था गरिने छ ।
- गर्भवती महिलाहरुका लागि नेपाल सरकारबाट निःशुल्कमा नपाइने फोलिक एसिड र क्याल्सियम निःशुल्क वितरण गरिनेछ ।

## शिक्षा क्षेत्र

- शैक्षिक सुधार अभियानलाई निरन्तरता दिई थप प्रभावकारी बनाईनेछ ।
- विद्यालयहरुको भौतिक संरचना सुधारलाई जोड दिईनेछ । विशेषगरी धुलाम्य कक्षा कोठाहरु निरुत्साहित गरी विद्यार्थीहरुलाई पूर्वाधार युक्त कक्षाकोठा पढ्ने वातावरण सिर्जनाका लागि आवश्यक व्यावस्था मिलाईनेछ ।
- शिक्षक र प्रधानाध्यपकहरुको कार्य सम्पादन, मूल्याङ्कन, शैक्षिक नतिजामा आधारित बनाईनेछ। दण्ड र पुरस्कारलाई वस्तुनिष्ठ र व्यवहारिक बनाउदै कडाईका साथ लागु गरिनेछ।
- विद्यालय व्यवस्थापन समितिलाई शैक्षिक सुधारका लागि जिम्मेवार र जवाफ देही बनाईनेछ।
- प्राविधिक विषयको शिक्षण सुरुवातका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।
- कोरोना भाइरसको कारणले उत्पन्न संकटका कारण शिक्षा क्षेत्रमा देखिएको विकराल समस्यालाई हल गर्न सूचना प्रविधिको माध्यम वाट कक्षा संचालन गर्न वैकल्पिक सिकाईको व्यवस्था गरिनेछ ।
- सार्वजनिक विद्यालयको पूर्वाधार विकास गरिनेछ । सार्वजनिक विद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाइनेछ । शिक्षकको क्षमता विकास गरिनेछ । सिकाइलाइ व्यवहारसँग जोड्ने सीप विकासका लागि शिक्षक तालिमलाइ निरन्तरता दिइनेछ । विद्यालयको नक्साङ्कन गरी भूगोल र न्युनतम विधार्थी संख्याको आधारमा विद्यालयको समायोजन गरिनेछ ।
- माध्यामिक तहको प्राविधिक धारको विद्यालय संचालन गरिनेछ । नमुना विद्यालय कार्यक्रम सुरुवात गरिनेछ ।
- गाउँपालिकाभित्र स्नातकतह सम्मको क्याम्पस संचालन गर्न सम्भाव्यता अध्ययन सुरु गरिनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न समिति निर्माण गरी कार्य थालनी गरिनेछ। सरोकारवाला व्यक्ति संघ संस्था हरुलाई विद्यालयको विकासमा अग्रसर गराइनेछ ।
- शिक्षक तलवभत्ता अनुदानलाई निरन्तरता दिईनेछ ।
- वालविकास सहयोगी कार्यकर्ता, कार्यालय सहायक तथा कार्यालय सहयोगीको थप तलव भत्तालाई निरन्तरता दिइनेछ ।
- स्वच्छ तथा सफा वगैंचा सहितको विद्यालयको अवधारणा कार्यान्वयन गरिनेछ ।
- ऐसेलुखर्क गाउँपालिकाको आवधिक योजना २०७६ले अपेक्षा गरे अनुरुप उद्देश्य हासिल गर्न विद्यालय सरोकारवालाहरुसँग सहकार्य गरी शैक्षिक योजना निर्माण तथा कार्यान्वयनको

प्रक्रिया आरम्भ गरिनेछ यसको लागि वडा शिक्षा समितिलाई जिम्मेवार र जवाफदेही बनाउँदै लगिनेछ ।

- संघीय शिक्षा नियमावली पारित हुन विलम्ब भएका कारण म्याद समाप्त भएर पनि पुनर्गठन हुन नसकेका सम्पूर्ण विद्यालयहरुको विव्यस तथा शिअसंको पुनर्गठन यसै शैक्षिक वर्षभित्र गरिने छ ।
- गत वर्ष निकै प्रभावकारी मानिएका शैक्षिक जागरण अभियान शिक्षक विद्यार्थी सम्मान कार्यक्रमलाई यो शै.व. मा पनि निरन्तरता दिइनेछ मापन र मूल्याङ्कनको दायरालाई थप चुस्त दुरुस्त पारदर्शी र वस्तुनिष्ठ बनाइनेछ ।
- . विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा अपाङ्ग मैत्री बनाउँदै लगिनेछ।विद्यालयमा तथाकथित हुने वर्गीय जातीय लिङ्गीय तथा धार्मिक विभेदका विरुद्द सून्य सहनशीलताको रणनीति अवलम्बन गिरनेछ ।
- माध्यमिक विद्यालयहरुको पठनपाठनमा E-learning को सुरुवात गरिनेछ ।
- शिक्षकले कक्षाकोठामा विताउने समय दैनिक पाठयोजनासिहतको कक्षा शिक्षण प्रभावकारी मापन र मूल्याङ्कनको सुनिश्चितताका लागि प्रधानाध्यापकलाइ थप जवाफदेही र जिम्मेवार बनाइनेछ । विद्यालय अनुगमनलाई थप व्यवस्थित र नियमित गरिनेछ ।
- कोरोना भाइरस कोभिड १९ जस्तै घातक र संक्रामक रोगको माहामारीबाट सतर्क रहन सुसुचित गराउँने उद्देश्यले स्वास्थ्य तथा जनसङ्ख्या वातावरणको उपयुक्त पाठ शीर्षक लगायत अन्य सन्दर्भ सामाग्री मार्फत दक्ष स्रोतव्यक्तिद्वारा विद्यार्थीहरुमा चेतना जागृत गरिनेछ।
- कोरोना भाइरस कोभिड १९ को महामारी सँगसँगै बैदेशिक रोजगारप्रति वितृष्णा पैदा हुने निश्चतप्राय देखिन्छ । श्रम र सीपप्रति आस्थावान दक्ष जनशक्ति उत्पादन आजको मुख्य आवश्यकता हो । तसर्थ सैद्दान्तिकरुपमा मात्र अध्यपन गराइदै आएको पेसा व्यवसाय र प्रविधि शिक्षालाई प्रयोगात्मक विधिद्वारा शिक्षण गर्ने परिपाटीको थालनीलाइ कडाइकासाथ कार्यान्वयन गर्न वडा समिति तथा वडा शिक्षा समितिलाइ सक्रिय बनाइनेछ ।
- सिकाइ व्यवहारमा परिवर्तन हो निश्चत तह पूरा गरीसकेपछि पारिवारिक मूल्य र मान्यता सामाजिक तथा धार्मिक संस्कार मान्यजनप्रतिको आदरभावजस्ता नैतिक चरित्रको विकास गर्दै सामाजिक अध्ययन विषयको सामाजिक मूल्य र मान्यता पाठमार्फत यस्ता मान्यता स्थापित गराउन विषय शिक्षकलाइ जिम्मेवार र जवाफदेही बनाउँदै लगिनेछ ।
- उच्च शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न यसै शैक्षिक सत्रवाट गाउँपालिका स्तरमा वुहारी शिक्षा कोष स्थापना गरिनेछ ।
- डाक्टर,इन्जिनियर, कृषि तथा पशु विशेषज्ञ जस्ता प्राविधिक जनशक्ति उत्पादनको लागि गाउँपालिका स्तरमा छात्रवृति कोष स्थापना गरिनेछ ।
- जगेडा शिक्षक कोष स्थापना गरिनेछ ।
- कक्षा ३,५ र ८ को वार्षिक परीक्षालाई थप व्यवस्थित र मर्यादित बनाउँदै लगिनेछ, शैक्षिक उपलव्धि वृद्धिका लागि प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- सामुदायिक सिकाई केन्द्रलाई क्रियाशील वनाई थप व्यवस्थित वनाइनेछ ।आवश्यकताको आधारमा अन्यत्र विद्यालयमा खटाइनेछ
- कोभिड-१९ को रोकथाम, विपत व्यवस्थापन र मानविय सेवामा म अघि बढ्छु कार्यक्रम मार्फत युवा परिचालन गरिने छ ।
- युवालाई व्यवसायिक तथा उद्धमशीलता तालिम नवप्रवर्तन पुंजी र प्रविधिमा पहुँच तथा सहज व्यवसायिक वातावरण उपलब्ध गराई उद्धमी बनाइने छ । साथै युवालाई प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम उपलब्ध गराई उद्धमशिलताको विकास गरिने छ ।
- यूवामा अनुशासन संस्कृतिको विकास, शारिरीक तन्दुरुस्ती तथा मानसिक विकास एवम खेलकुद मार्फत गाउँपालिकाको पहिचान र प्रतिष्ठाको लागि खेलकुद क्षेत्रको समग्र विकास अघि बढाउन खेलकुद पुर्वाधारको निर्माण, प्रतियोगिताको आयोजना र प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ । आवश्यकताको आधारमा प्रशिक्षक, कर्माचारीको व्यवस्था गरिनेछ ।
- वेरोजगारी युवालाई लक्षित गर्दै लामो तथा छोटो व्यवसायिक सीप तालीम व्यवस्था गरिनेछ ।

## ➢महिला तथा बालबालिका क्षेत्र

- विगतका वर्षहरु झै यस अ.व. २०७७/०७८ मा महिला तथा बालबालिकाको क्षमता अभिबृद्धि तथा सीप विकास कार्यकमहरु सञ्चालन गरिने छ।
- विभिन्न विकास योजना तथा कार्यक्रमहरुमा महिला सहभागिता सुनिश्चित गरिनेछ।
- सामाजिक, आर्थिक र राजनैतिक रुपले पछाडी पारिएको महिलाहरुको उत्थान, सशक्तिकरण एवं मुल प्रवाहिकरणको लागि क्षमता तथा सिप मुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्य क्षेत्रको पहँचबाट टाढा ग्रामिण महिला तथा दिदी बहिनीहरुका लागि प्रजनन स्वास्थ्य सम्बन्धी सचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- अपाङ्गता भएका (ग वर्ग) कार्ड प्राप्त व्यक्तिहरुलाई दिदै आएको सुविधालाई निरन्तरता दिईनेछ।
- महिला तथा बालबालिका सँग सम्बन्धित दिवशीय कार्यक्रमहरु संञ्चालन गरिनेछ।
- महिला समूह/समितिको मासिक वचत, वचत परिचालन तथा पुंजीलाई व्यावस्थित गर्न समूहका पदाधिकारीहरु सँग चौमासिक अन्तक्रिया गरिनेछ।
- स्थानीय तहमा तत्काल उद्धार तथा राहत समिति गठन गर्ने प्रक्रिया अगाडि बढाईनेछ।
- सुत्केरी महिला भेटघाट कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

## ➢ संघ संस्था/व्यापार व्यावसाय तफ

- **संघसंस्था तफ**

- संघ संस्थाहरुलाई संस्था दर्ता नविकरण ऐन २०७५ बमोजिम नियमन गरिनेछ ।

- **सहकारी तर्फ**

- ऐसेलुखर्क गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका सबै किसिमका सहकारी संस्थाहरुलाई ऐसेलुखर्क गाउँपालिकाको सहकारी ऐन २०७४ बमोजिम नियमन गरिनेछ ।
- सहकारी प्रवर्धनका लागि तालिमको व्याबस्था गरिनेछ ।
- ऐसेलुखर्क गाउँपालिका क्षेत्र भित्र गरिवी निवारण कोष तथा अन्य निकायबाट सञ्चालन भई निस्कृय रुपमा रहेका सामुदायिक संस्थाहरुलाई सहकारी संस्थामा आवद्ध गराउने प्रक्रिया शुरु गरिनेछ ।

- **व्यावसाय तर्फ**

- गाउँपालिका क्षेत्रभित्रमा विभिन्न किसिमको साना/ठुला व्यावसायहरुलाई नियमन गरी व्यवसाय दर्ता कार्यविधी २०७४ को दायरा भित्र राखिनेछ ।

## ➢ सूचना प्रविधि तफ

- VERSP - MIS सम्बन्धी Refreshment तालिम सञ्चालन गरिनेछ ।
- जनप्रतिनिधि साथै कर्मचारीहरुमा Basic Computer साथै E-governance सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- Digital Notice बोर्डको व्यावस्था गरि पालिकामा हुने सूचनाहरुलाई सर्वसाधारण /सरोकारवाला जनताले देखिने गरी व्यवस्थापन गरिनेछ ।
- VERSP - MIS (सामाजिक सुरक्षा) सम्बन्धी तालिम संचालन गरी घट्ना दर्ता प्रणालीलाई Online मार्फत गर्ने व्यावस्था मिलाईनेछ ।
- अडियो नोटिस वोर्ड राखि सूचना प्रवाहलाई विशेष जोड दिईनेछ ।
- ट्रोल फ्रि नम्बरलाई सुचारु गरी जनताले प्रत्यक्ष रुपमा आफ्नो गुनासो साथै सुझावहरु फोन मार्फत राख्ने/टिपाउने व्यवस्था मिलाईनेछ ।

- सेवा प्रवाहलाई व्यावस्थित बनाउनका निमित्त CCTV Camera गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुमा जडान गर्ने व्यावस्था मिलाईनेछ ।
- गाउँपालिकाको कामकाजलाई Paperless साथै Cashless (Complete Digitize) निम्ति आवश्यक Computre Software को पहिचान गरी अगाडि बढाईनेछ ।
- गाउँपालिकाको आबश्यकतालाई पहिचान गरी समय समपेक्ष Mobile Application को विकाश गरी लागु गरिनेछ ।
- प्रत्यक विद्यालयहरुको सूचना तथा Data लाई व्यावस्थि तगर्न Result Processing सहितको MIS बनाई Implement गरिनेछ ।
- यस गाउँपालिकाद्धारा आ.व. २०७६/०७७ मा निर्माण गरिएका गाउँपालिकाका प्रोफाईहरुलाई अपडेट गरी अझै प्रभावकारी बनाईनेछ ।

## ➢ पूर्वाधार विकास

- दिगो पूर्वाधार विकास नीति प्रर्वद्धन गरिनेछ ।
- गाउँपालिकाको केन्द्र सँग जोडिने सबै मुल सडकहरु, वडा केन्द्र जोडिने सडकहरुको स्तरोन्नति गरिनेछ । साथै उल्लेखित मुल सडकहरु विस्तृत परियोजना प्रतिवेदन DPR तयार गरिनेछ ।
- सडक पूर्वाधार निर्माणमा विनियोजित कुल बजेटको कम्तिमा ३०% रकम संरचना निर्माणमा खर्च गर्ने प्रभावकारी बनाईनेछ ।
- उपभोक्ता समितिद्धारा संचालन हुने लागत सहभागिता (श्रमदान) लाई व्यवहारिक र अनिर्वाय बनाईनेछ । भवन तथा सडक निर्माण कार्यमा १० लाख देखि २० लाख सम्मलाई सिलबन्दीबोल दरभाउपत्रमा २० लाख देखि माथिलाई बोलपत्र मार्फत काम गरिने छ ।
- यस आ.व. भित्र गाउँपालिकाको कार्यालय भवन तथा सभा भवन निर्माण सम्पन्न गरिनेछ साथै अन्य भौतिक संरचना निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- ऐसेलुखर्क बजार क्षेत्रलाई खानेपानी, ढलनिकास तथा फोहोर मैला व्यवस्थापनमा आवश्यक पहल गरिने छ ।
- केन्द्रीय विद्युत प्रशारण लाईनलाई ऐसेलुखर्क बजार हुदै अन्य वडातर्फ समेत विस्तारको पहल गरिनेछ ।

- गाउँपालिका क्षेत्रका प्रत्येक घरमा शुद्ध खानेपानीको व्यवस्था मिलाईनेछ  साथै केही वडाहरुमा एक घर एक धारा कार्यक्रम संचालनमा निरन्तरता दिईनेछ ।
- खानेपानीको मुहान संरक्षणका कार्यक्रम संचालन गरिनेछ, मुहान आसपासमा सडक निर्माण कार्य न्यूनिकरण गरिनेछ ।
- उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको कार्यन्वयनलाई सैद्धान्तिक बनाईनेछ । योजनाको अनुगमनलाई कडाई गरिनेछ । विगत र चालु आ.व. मा संचालित र सम्पन्न योजनाको वर्तमान अवस्था आकलन गरी उपभोक्ता समितिलाई उक्त योजनाको संरक्षण र सम्र्बद्धनमा जिम्मेवार बनाईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र हेभि मेसिनहरुको प्रयोलाई नियमनगरी करको दायरामा ल्याईनेछ । उपभोक्ता समितिद्धारा प्रतिस्पर्धाका आधारमा मात्रै हेभि मेसिन मार्फत गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरिनेछ ।
- टेलिफोनको सुविधाबाट बन्चित वडाका टोलबस्तिहरुमा सेवा सुचारु गर्न र सेवाको गुणस्तर अभिवृद्धिका लागि सम्बन्धित निकाय सँग परिणाममुखी पहल गरिनेछ ।
- इन्टरनेटको गुणस्तर समयानुकुल बनाउन इन्टसेट प्रदायक संस्था NTC/NCELL लाई पहल गरी गुणस्तरीय सेवाको सुनिश्चितताका लागि पहल गरिने छ ।
- ऐसेलुखर्क गाउँपालिकाको बसपार्क खेलमैदान स्तरोन्नतीको लागि DPR तयार गरिनेछ ।
- अव्यावस्थित बस्तीहरुलाई व्यावस्थित गर्न गाउँपालिका वा वडा कार्यालयको स्वीकृति लिएर मात्र घर निर्माण गर्ने व्यावस्था मिलाईने छ ।

## ➢ पर्यटन क्षेत्र

- गाउँपालिका क्षेत्रभित्रका धार्मिक, सास्कृतिक, ऐतिहासिक सम्पदाको संरक्षण र प्रर्वद्धन नियमित गरिनेछ ।
- १ वडा १ नमूना पर्यटकीय गन्तव्य निर्माणमा जोड दिईनेछ ।
- गाउँपालिकाको चिनारी/पहिचान प्रर्वद्धन गर्ने संघ संस्था, व्यक्ति वा कार्यक्रम आयोजकलाई प्रोत्साहन गरिनेछ ।

### ➢ कला, धर्म र सस्कृति

- सबै जातजाति कला भाष, धर्म सस्कृति एवं समुदायको रीतिथिति, रहनसहन लाई सम्मान गर्दै प्रोत्साहन गरिनेछ ।
- साहित्य तथा  कला क्षेत्रको विकासका लागि प्रर्वद्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

### ➢ लक्षित वर्गको विकास

- आर्थिक सामाजिक रुपले विपन्न महिलाहरुको उत्थान, सशक्तिकरण एवं मुल प्रभाहिकरणका लागि क्षमता मुलक, सीप मुलक कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरुको स्वास्थ्य प्रति सम्वेदनशिल रहदै आवश्यक स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- आदिवासी, जनजाति, दलित, अल्पसङ्ख्यकहरुको आफ्नो रितिथीति अनुसारको कार्यक्रम संचालनार्थ सहयोग गरिनेछ ।
- अपाङगता भएका व्यक्तिहरुका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- बालबालिकाहरुको सर्वाङविकासका लागि विद्यालय सँग सहकार्य गरी कार्यक्रम संचालन गरिनेछ ।
- संघीय प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त सहयोगलाइ लक्षित वर्गको विकासमा प्राथमिकता दिईनेछ ।
- ऐसेलुखर्क गाउँपालिका क्षेत्रभित्रका जेष्ठ नागरिकहरुलाई जिल्ला सदरमुकाम सम्मका लागि आवत जावत गर्न बसमा निशुल्क व्यावस्था मिलाईनेछ ।

## ➢ युवा तथा खेलकुद

- खेलकुदका माध्यमबाट युवा शक्तिलाई एकीकृत गर्न र विकासमा परिचालन गर्न खेलकुद क्षेत्रमा विशेष जोड दिईनेछ ।
- राजभण्डारी घडेरी डाँडा खेल मैदान ऐसेलुखर्कको DPR तयार गरिनेछ ।
- खेलकुदका माध्यमबाट गाउँपालिकाको चिनारी अभिवृद्धि गर्न खेलाडी, खेलप्रेमी तथा संस्थालाई प्रत्साहन गरिनेछ ।
- युवाहरुको पलायन रोक्न सीप, दक्षता र क्रियासिलताको पहिचान गरी स्वरोजगार कार्यक्रमममा लगानी गरिनेछ ।
- युवा शक्ति परिचालन गरी विकास निर्माणका क्रियाकलापलाई तिब्रता दिईनेछ ।
- उद्यमसील बन्न चाहने युवाहरुलाई मागमा आधारित तालिम संचालन गरिनेछ ।

## वनवातावरण तथा विपत व्यवस्थापन

- हरियो वन ऐसेलुखर्कको मन भन्ने मुल नाराका साथ प्रदेश सरकार सँगको समन्वयमा गाउँपालिका क्षेत्रका वनको संरक्षण व्यस्था गरिनेछ ।

- वन, वनस्पतिजन्य सामाग्री एवं वन पैदवारको प्रयोग, निकासी पैठारीका लागि आवश्यक समन्वय गरि व्यवस्थित गरिनेछ ।
- वन विनास अतिक्रमण नियन्त्रणका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- वातावराण संरक्षणका लागि हरित अर्थतन्त्र क्रियाकलापलाई जोड दिईनेछ ।
- विपत जोखिम न्यूनिकरण एवं राहत पुनर्स्थापनाका लागि विपद व्यवस्थापन कोष मार्फत कार्यक्रम संचालन गरिनेछ ।
- पहिरो, भुक्षय एवं अन्य प्राकृतिक तथा मानव सिर्जित विपदको व्यवस्थापनका लागि सचेतना कार्यक्रम वडा स्तरमा संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका व्यक्तिहरुले अधिकरण गरेका सार्वजनिक भूमिलाई फिर्ता गरिने छ ।

## संस्थागतविकास, सेवाप्रवाह र सुशासन

- सार्वजनिक प्रशासन सेवाप्रवाह र सुशासनलाई चुस्त दुरुस्त बनाउन समय सापेक्ष प्रविधि मैत्री बनाउदै सेवाप्रवाहलाई जनअपेक्षा अनुरुप छिटो, छरितो, सुलभ, सरल उच्च गुणस्तरिय साथै प्रभावकारी ढंगले सेवा सञ्चालन गरिनेछ ।

- गाउँकार्यपाालिका मातहतका बिषयगत समितिको काम कारवाहीलाई चुस्त दुरुस्त बनाईनेछ ।

- नमुना योग्य र अनुकरणीय विकास प्रणाली अवलम्बनगर्न अन्य स्थानीयतहको अध्ययन भ्रमण गरी गाउँपालिकाको विकास र समृद्धिका लागि आवश्यक पृष्ठपोषण लिईनेछ ।

- उपभोक्ताहित संरक्षणका लागिआगामीआ.व.देखि बजार अनुगमनलाई नियमितगरिने छ ।

- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीव्यवस्थित बनाउँदै जनताको घरघरमै उपलब्ध गराउने व्यवस्था निरन्तरता दिईनेछ ।

- गाउँपालिका क्षेत्र भित्र शान्तिसुरक्षाको स्थिति लाई गम्भीर रुपमा लिँदै नागरिक सुरक्षा र शान्ति कायम गर्न कुनै कसर बाँकी राखिने छैन । गाउँसभा तथा गाँउकार्यपालिकाको निर्णयानुसार विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयनमा बाधा व्यवधान उत्पन्न गर्ने, गराउन खोज्ने व्यक्ति, परिवार वा समुदायलाई कारवाही गरिनेछ र सोको क्षतिपुर्ति समेत निजबाट शोधभर्ना लिईनेछ ।

- जनताको घरदैलोमा सेवा पुऱ्याउन समय समयमा एकिकृत घुम्ती शिवीर सञ्चालन गरिनेछ ।

- नागरिकको सुचनाको हकलाई सम्मानगर्न साथै छिटो सेवाप्रवाह सुनिश्चित गर्न अभिलेख व्यवस्थापनलाई बिशेष जोड दिईनेछ ।

- सेवाप्रवाहमा सुशासन कायम गर्न, भ्रष्टाचार र अनियमितता बिरुद्ध शुन्य सहनशीलता अबलम्बन गर्दै कर्मचारीको मनोबल बढाउन आवश्यक व्यवस्था गरिनेछ । कर्मचारीको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिमको व्यवस्था एवं अन्य कार्यक्रमहरुको सञ्चालन गरिनेछ ।

- सहभागिता मुलक योजना अवलम्बन गर्दै यस गाउँपालिकाको विकासमा विकासका सबै साझेदारहरुलाई स्वागत गरि विकासलाई साझेदारीमा अगाढि बढाईने नीति अख्तियार गरिनेछ ।
-
- निर्धारित समय भित्रकाम सम्पन्न नगर्ने उपभोक्ता समितिवा निर्माण कम्पनीवाअन्य संस्थालाई कारवाहीको दायरामा ल्याईनेछ ।

- आन्तरिक आय प्रर्वदनका लागि निर्मित कानुन र कार्यविधिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

- गाउँकार्यपालिकाको समग्र विकासका लागि सहायता जुटाउन संघीय र प्रदेश सरकार, दातृ निकाय, कुटनीतिक नियोग, समाजसेवी, साझेदार संस्था सबैसंग निरन्तर सहकार्य गरिनेछ ।

- विकास योजनालाई सहभागिता मुलक बनाउन र लागतकम गरी उच्चतम विकास हासिल गर्न समपूरक कोष मार्फत विभिन्न योजनाहरु सञ्चालनमा ल्याइनेछ ।

- अनुगमन तथा मुल्याङ्कन कार्य लाई नियमित, व्यवहारिक, वास्तविक, नतिजामुखि र मापन योग्य बनाईनेछ ।

## अन्त्यमा

गाउँकार्यपालिकाको समग्र विकास र समिद्धिका लागि यस नीति तथा कार्यक्रममा समेटिएका बिषयहरुको कार्यान्वयन महत्वपूर्ण हुन्छ । स्थानीय तहको ऐतिहासिक स्थानिय सरकार हामी प्रति आम ऐसेलुखर्क गाउँपालिका बासी जनताको विकास र परिवर्तनको उत्कृष्ट इच्छालाई पूरा गर्नु हाम्रो निर्विकल्प जिम्मेवारी हो । यस जिम्मेवारीलाई पुरा गर्न हाम्रा नीति, योजना तथा कार्यक्रमका लागि बजेट व्यवस्थापन गर्न संघिय सरकार,प्रदेश सरकार, अन्य साझेदार निकाय, राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरु एवं सल्लाह सुझावदिनु हुने नागरिक समाज, राजनीतिक दलका मित्रहरु, पेशाकर्मी, बुद्धिजीवि एवं आम ऐसेलुखर्क बासी महानुभावहरुमा आभार प्रकट गर्दछु ।

सर्वपक्षीय सुझावलाई समेटिएर प्रस्तुत भएको यस नीति तथा कार्यक्रममा उल्लेखित प्रतिबद्वताहरु आगामी बजेटबाट सम्बोधनहुने विश्वास लिएको छु ।

हाम्रै पालामा समृद्ध ऐसेलुखर्कको यात्रा सम्भव छ भन्ने विश्वासका साथ यस नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागिआ-आफ्नो ठाउँबाट सकारात्मक र चरनात्मक सहयोगको अपेक्षा राख्दै विदा हुन चाहान्छु ।

## धन्यबाद् ।